श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

जलस्रोत मन्त्रालयका सचिव श्री पशुपति प्रताप शाह जलस्रोत विकास सम्बन्धमा छलफल गर्न मिति २०३८।१०।२८ मा भारतको नयाँ दिल्लीतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री सुवर्णजङ्ग राणालाई मिति २०३८।१०।२९ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री शङ्करकृष्ण मल्ल २०३८।११।९ मा दक्षिण-दक्षिण सहयोगसम्बन्धी वार्तामा भाग लिन भारतको नयाँ दिल्लीतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री नरबहादुर थापालाई मिति २०३८।११।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।